# स्थानीय राजपत्र

खण्डः १ कीर्तिपुर, असार ११ गते, २०७५ साल संख्या १

**भाग-१**

**कीर्तिपुर नगरपालिका**


**संवत २०७५ सालको ऐन नं. १**

**ऐनको नामः- कीर्तिपुर नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०७५**

**प्रस्तावनाः** कीर्तिपुर नगरपालिकाको आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम कीर्तिपुर नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "कीर्तिपुर नगरपालिकाको आर्थिक ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि कीर्तिपुर नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **परिभाषाः-**

(क) 'सम्पत्ति कर' भन्नाले घर जग्गा कर र मालपोत करलाई बुझाउँदछ ।

(ख) 'घर जग्गा कर' भन्नाले घर र सो घर रहेको कित्ता जग्गाको सम्युक्त मुल्यांकनवाट प्राप्त हुने करलाई वुझाउँदछ ।

(ग) 'भूमि कर (मालपोत)' भन्नाले जग्गाको स्वामित्ववाट प्राप्त हुने करलाई वुझाउँदछ ।

(घ) 'घर वहाल कर' भन्नाले घर धनीले बहालमा दिएको आम्दानीबाट प्राप्त भएको करलाई वुझाउँदछ ।

(ङ) 'व्यवसाय कर' भन्नाले व्यवसाय दर्ता गरि प्राप्त हुने करलाई वुझाउँदछ ।

(च) 'सवारी साधन कर' भन्नाले तोकीएको सवारी साधन दर्ता र सञ्चालनवाट प्राप्त हुने करलाई वुझाउँदछ ।

(छ) 'विज्ञापन कर' भन्नाले बस्तु वा सेवाको प्रचार गरेवापत प्राप्त हुने करलाई वुझाउँदछ ।

(ज) 'मनोरन्जन कर' भन्नाले व्यवसायिक प्रयोजनका मनोरञ्जन स्थलवाट प्राप्त हुने करलाई वुझाउँदछ ।

(झ) 'बहाल बिटौरी शुल्क ' भन्नाले सार्वजनिक, पर्ति, ऐलानी जग्गा प्रयोग गर्न दिएवापत प्राप्त हुने शुल्कलाई वुझाउँदछ ।

(ञ) 'पार्किङ शुल्क' भन्नाले पार्कीङ स्थल प्रयोग गरेवापत प्राप्त हुने शुल्कलाई वुझाउँदछ ।

(ट) 'सेवा शुल्क, दस्तुर ' भन्नाले विभिन्न प्रकारका दर्ता, सिफारिस लगायतका सेवा प्रवाह गरेवापत प्राप्त हुने शुल्कलाई वुझाउँदछ ।

(ठ) 'पर्यटन शुल्क' भन्नाले तोकीएको पर्यटकिय क्षेत्रमा प्रवेश गरेवापत प्राप्त हुने शुल्कलाई वुझाउँदछ ।

(ड) 'घर जग्गा रजिष्ट्रेशन शुल्क' घर जग्गाको हक हस्तान्तरण गरेबापत प्राप्त हुने शुल्कलाई वुझाउँदछ ।

(ढ) 'अन्य कर' भन्नाले यस ऐनमा व्यवस्था गरिएका कर बाहेकका अन्य सेवा शुल्क, कर दस्तुरलाई वुझाउँदछ ।

३. **सम्पति करः** नगरपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

४. **भूमि कर (मालपोत):** नगरपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

५. **घर वहाल करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै/आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

६. **व्यवसाय करः** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः** नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि ( ५) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि ( ६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि ( ७) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि ( ८) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि ( ९) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **सेवा शुल्क, दस्तुरः** नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (१०) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **पर्यटन शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (११) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१४. **घर जग्गा रजिष्ट्रेशन शुल्कः-** प्रदेश सरकारले निर्धारण गरेबमोजिम हुनेछ ।

१५. **राजस्व बाडफाँडः-** सम्पत्तिकर/घरजग्गा कर/भुमिकर (मालपोत)/ मनोरञ्जन कर तथा सेवा शुल्क दस्तुरको नक्सा पास शुल्क बाहेकका अनुसूचि ३,४,५,६,८,९ र ११ मा उल्लेख भएका करबाट उठेका कुल रकमको सम्वन्धित वडावाट संकलन भएको रकम मध्ये ६०% सम्वन्धित वडालाई पुँजिगत अनुदान स्वरुप दिईनेछ ।

१६. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।तर नगरपालिकासँग प्रत्यक्ष सम्वन्ध भएका गैर नाफामूलक सेवा प्रदायक संगठित संस्थाहरुलाई नगर सभाको निर्णयानुसार कर छुट दिन सकिनेछ ।साथै नेपाल सरकारको सम्वन्धित निकायबाट कर छुट प्रमाणपत्र प्राप्त संस्थालाई समेत छुट दिईनेछ ।

१७. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगरपालिकाले तोके अनुसार हुने छ ।

# अनुसूचि - १

## (दफा ३ सँग सम्बन्धित)

| सम्पत्ती कर | | | | | | |
|---|---|---|---|---|---|---|
| सि.नं | मूल्याङ्कन रकम | | | | संम्पति कर | कैफियत |
| १ | १ | देखि | ५ लाख | सम्म | १००।०० | |
| २ | ५ लाख १ | देखि | ६ लाख | सम्म | १५०।०० | |
| ३ | ६ लाख १ | देखि | ७ लाख ५० हजार | सम्म | २००।०० | |
| ४ | ७ लाख ५० हजार १ | देखि | १० लाख | सम्म | ३००।०० | |
| ५ | १० लाख १ | देखि | १२ लाख ५० हजार | सम्म | ३५०।०० | |
| ६ | १२ लाख ५० हजार १ | देखि | १५ लाख | सम्म | ४००।०० | |
| ७ | १५ लाख १ | देखि | १७ लाख ५० हजार | सम्म | ४५०।०० | |
| ८ | १७ लाख ५० ह्जार १ | देखि | २० लाख | सम्म | ५००।०० | |
| ९ | २० लाख १ | देखि | २२ लाख ५० हजार | सम्म | ५५०।०० | |
| १० | २२ लाख ५० हजार १ | देखि | २५ लाख | सम्म | ६००।०० | |
| ११ | २५ लाख १ | देखि | २७ लाख ५० हजार | सम्म | ६५०।०० | |
| १२ | २७ लाख ५० हजार १ | देखि | ३० लाख | सम्म | ७००।०० | |
| १३ | ३० लाख १ | देखि | ३५ लाख | सम्म | ९००।०० | |
| १४ | ३५ लाख १ | देखि | ४० लाख | सम्म | १,३००।०० | |
| १५ | ४० लाख १ | देखि | ४५ लाख | सम्म | १,८००।०० | |
| १६ | ४५ लाख १ | देखि | ५० लाख | सम्म | २,२००।०० | |
| १७ | ५० लाख १ | देखि | ६० लाख | सम्म | ३,७००।०० | |
| १८ | ६० लाख १ | देखि | ७० लाख | सम्म | ५,२००।०० | |
| १९ | ७० लाख १ | देखि | ८० लाख | सम्म | ६,७००।०० | |
| २० | ८० लाख १ | देखि | ९० लाख | सम्म | ८,२००।०० | |
| २१ | ९० लाख १ | देखि | १ करोड | सम्म | १०,०००।०० | |
| २२ | १ करोड १ | देखि | १ करोड २० लाख | सम्म | १४,०००।०० | |
| २३ | १ करोड २० लाख १ | देखि | १ करोड ४० लाख | सम्म | १८,०००।०० | |
| २४ | १ करोड ४० लाख १ | देखि | १ करोड ६० लाख | सम्म | २२,०००।०० | |
| २५ | १ करोड ६० लाख १ | देखि | १ करोड ८० लाख | सम्म | २६,०००।०० | |
| २६ | १ करोड ८०लाख १ | देखि | २ करोड | सम्म | ३०,०००।०० | |
| २७ | २ करोड १ | देखि | २ करोड ५० लाख | सम्म | ४५,०००।०० | |
| २८ | २ करोड ५० लाख १ | देखि | ३ करोड | सम्म | ५५,०००।०० | |
| २९ | ३ करोड १ | देखि | ३ करोड ५० लाख | सम्म | ६५,०००।०० | |
| ३० | ३ करोड ५० लाख १ | देखि | ४ करोड | सम्म | ७५,०००।०० | |
| ३१ | ४ करोड १ | देखि | ४ करोड ५० लाख | सम्म | ८५,०००।०० | |
| ३२ | ४ करोड ५० लाख १ | देखि | ५ करोड | सम्म | ९०,०००।०० | |
| ३३ | ५ करोड १ | देखि | माथिको मूल्याङ्कनमा | | रु.२०० प्रति हजारमा | |

## कीर्तिपुर नगरपालिका अन्तरगतको निम्न सडकको दाँया बाँयाको दररेट

| कीर्तिपुर नगरपालिका वडा नं. १,२ र १० | | |
|---|---|---|
| **सि.नं** | **विवरण** | **प्रति आना रु.** |
| १) | सिता पेट्रोल पम्प ट्याङ्गला चोक,कीर्तिपुर स्विमिङ पुल हुदै कीर्तिपुर चक्रपथ सम्म बाटो | ५,५०,०००।– |
| २) | खसिबजार ,रमिते डाँडा चाँदनी चोक हुदै सिता पेट्रोल पम्प कीर्तिपुर चक्रपथ छुने बाटो | ५,५०,०००।– |
| ३) | खसिबजार ,बल्खु पल देखि अमृतनगर ,ग्रीन उड भिल्ला, अजिमाख्यः हुदै कीर्तिपुर चक्रपथ छुने बाटो | ५,५०,०००।– |
| ४) | कलकी मितेरीपुल, मैत्रीनगर,नेपालभाषा एकेडेमी हुदै कीर्तिपुर चक्रपथ छुने बाटो | ५,५०,०००।– |
| ५) | अजिमाख्यः देखि ट्याङ्गला चोक सम्मको बाटो | ५,५०,०००।– |
| ६) | मिलनचोक देखि सिता पेट्रोल पम्प, खसिबजार देखि नापी कार्यालय सम्म, अमृतनगर देखि मैत्रीनगर सम्म, स्वर्गद्धारी देखि नेपालभाषा मार्ग, हेल्थपोष्ट देखि  ट्याङ्गला चोक,सम्म | ५,५०,०००।– |
| ७) | पूर्व त्रि.वि.कम्पाउण्डवाल,पश्चिम बल्खु खोला उत्तर काठमाण्डौं चक्रपथ एवं बल्खु खोला तथा दक्षिण कीर्तिपुर चक्रपथ यति चार किल्ला भित्र पर्ने वडा नं.१,२, १० को जग्गा | |
| | क) सहायक पक्की सडक | ४,५०,०००।– |
| | ख) सहायक कच्ची सडक | ४,००,०००।– |
| | ग) गोरेटो बाटो | २,५०,०००।– |
| | घ) बाटो नभएको | १,००,०००।– |
| **कीर्तिपुर नगरपालिका वडा नं. १,२,३ , ९ र १० कीर्तिपुर चक्रपथ तथा त्यस भित्रको क्षेत्र** | | |
| ,१) | कीर्तिपुर चक्रपथ सडकको ९ नं. वडा कार्यालय , तगःवपी , पाँगा दोबाटो, लोकतान्त्रिक चोक हुदै बर्खाहिति, नगरपालिकाको भवन निमार्ण स्थल सम्म तथा लोकतान्त्रिक चोक देखि कीर्तिपुर गेट सम्म | १२,००,०००।– |
| २) | कीर्तिपुर चक्रपथ सडक  तगःवपी देखि सागल पाटी ,देवढोका हुदै बर्खाहिति, नगरपालिकाको भवन निमार्ण स्थल सम्म | ५,००,०००।– |
| ३) | कीर्तिपुर नगरपालिका वडा नं. १,२,३ , ९ र १०  चक्रपथ भित्र | |
| | क) सहायक पक्की सडक | ४,००,०००।– |
| | ख) सहायक कच्ची सडक | ३,५०,०००।– |
| | ग) गोरेटो बाटो | २,००,०००।– |
| | घ) बाटो नभएको | ७५,०००।– |
| **कीर्तिपुर नगरपालिका वडा नं. ३,४,५, ७,८, ९** | | |
| १) | पाँगा चोक हनुमान घाट सम्म | १०,००,०००।– |
| २) | हनुमान घाट देखि पाँगा ढोकासी, सालीक ,विष्णुदेवी चोक  हुदै चोभार गेट सम्म | ४,७५,०००।– |
| ३) | पाँगा दोबाटो देखि भाजंगल , चिखु सम्म (मसानघाट) नगाँउ दोबाटो कीर्तिपुर बहुउद्देश्यीय सहकारी ,९ नं. वडा कार्यालय सम्मको | ७,००,०००।– |
| ४) | भाजंगल, चिखु सम्म (मसानघाट) भाजंगल पुरानो बस्ती प्रवेश विन्दु (पानी ट्याङकी) सम्मको | ४,००,०००।– |
| ५) | कीर्तिपुर प्रथम जग्गा एकिकरण आयोजना भित्रको बाटो | ५,२५,०००।– |
| ६) | पाँगा वडा नं. ९ सुन्दर बजार, कृष्ण सिने भिजन, पाँगा खाःपुखु, चिखु नगाँउ दोबाटो, खाःपुखु हुदै वालकुमारी मन्दिर (भत्केपाटी जाने मुलबाटो )सम्म पाँगा वडा नं. ९ सुन्दर बजार , कृष्ण सिने भिजन ,पाँगा खाःपुखु हुदै भत्केपाटी जाने मुलबाटो सम्म , पाँगा वडा | ४,००,०००।– |

| | | |
|---|---|---|
| | नं. ९ सुन्दर बजार देखि बसुन्धरा मन्दिर सम्म | |
| ७) | भाजंगल चोक (मर्जिमानको पसल) देखि दहन ,जनसेवा ईचुगाँउ हुदै टौदह राराहिल सडक सम्मको बाटो | ३,५०,०००।– |
| ८) | पाँगा दहन देखि माथिल्लो चारघरे सम्मको पक्की सडक | ३,००,०००।– |
| ९) | राराहिल, जाखाः हुदै ६नं.वडा सिमाना लनगोल सम्म | ३,००,०००।– |
| १०) | नगाउ दोबाटो देखि राराहिल चोक सम्म भत्केपाटी, सिताराम गोकुल मिल्क्स जाने र चम्पादेवी जाने दोबाटो साइराम चोक)सम्म | ७,००,०००।– |
| ११) | राराहिल चोक देखी भत्केपाटी हुदै साइराम चोक सम्म | ६,००,०००।– |
| १२) | ३ नं.वडा कार्यालय देखी राराहिल सम्मको ढल्पा बाटो | ६,००,०००।– |
| १३) | सिताराम गोकुल मिल्क्स र चम्पादेवी जाने दोबाटोदेखि पुष्पलाल प्रतिष्ठान सम्म | ३,२५,०००।– |
| १४) | मानेडाडा दोबाटो देखि खतिवडा चौर ,पुष्पलाल प्रतिष्ठान जाने दोबाटो सम्म -(ज्वालादेवी मार्ग) | ३,००,०००।– |
| १५) | साझापसल देखि मच्छेनारायण मन्दिर जाने बाटो | ३,२५,०००।– |
| १६) | सिताराम गोकुल मिल्क्स र चम्पादेवी जाने दोबाटोदेखि चम्पादेवी पाउ सम्म | ३,००,०००।– |
| १७) | विश्व राष्ट्र मा.वि.देखि सल्यानस्थान हुदै कीर्तिपुर चक्रपथ सागल सम्म(सल्यानथान चक्रपथ) | ३,००,०००।– |
| १८) | त्रि.वि. गेट, यस नगरपालिका र काठमाडौ महानगरपालिका सिमान,चोभार गेट हुदै हिमाल सिमेन्ट चोकको कलभर्ट (दक्षीणकाली मार्ग)सम्म | ५,००,०००।– |
| १९) | हिमाल सिमेन्ट चोकको कलभर्ट,हिमाल सिमेन्ट चोक,टौदह हुदै खहरे खोला सम्मको ईश्वरी मार्ग ( दक्षीणकाली मार्ग)सम्म | ३,००,०००।– |
| २०) | टौदह, चुईगाउ हुदै लनगोल,५नं.वडाको सिमाना सम्म | २,७५,०००।– |
| २१) | थापागाउ दोबाटो, आचार्य टोल, भुतखेल हुदै ईश्वरी मार्ग( दक्षीणकाली मार्ग)सम्म | २,७५,०००।– |
| २२) | हिमाल सिमेन्ट चोक, चोभारदेखि जलविनायक हुदै सैवु जोड्ने बागमती पुलसम्मको बाटो | ५,००,०००।– |
| २३) | कीर्तिपुर नगरपालिका वडा नं. ३,४,५,७,८,९ भित्र पर्ने बाटो स्पष्ट नभएको जग्गा (वडा नं.३,९ को हकमा कीर्तिपुर चक्रपथ भित्र पर्ने क्षेत्र वाहेक) | |
| | क) सहायक पक्की सडक | २,७५,०००।– |
| | ख) सहायक कच्ची सडक | २,२५,०००।– |
| | ग) गोरेटो बाटो | १,५०,०००।– |
| | घ) बाटो नभएको | ५०,०००।– |
| २४) | कीर्तिपुर नगरपालिका वडा नं.४ भित्र पर्ने मार्ग स्पष्ट नभएको जग्गा | |
| | क) सहायक पक्की सडक | २,७५,०००।– |
| | ख) सहायक कच्ची सडक | २,२५,०००।– |
| | ग) गोरेटो बाटो | १,५०,०००।– |
| | घ) बाटो नभएको | ५०,०००।– |
| २५) | कीर्तिपुर नगरपालिका वडा नं.६ भित्र पर्ने मार्ग स्पष्ट नभएको जग्गा | |
| | क) सहायक पक्की सडक | २,७५,०००।– |
| | ख) सहायक कच्ची सडक | २,२५,०००।– |
| | ग) गोरेटो बाटो | १,५०,०००।– |
| | घ) बाटो नभएको | ५०,०००।– |

| सि.न. | राजस्वको क्षेत्रहरु | दर | कैफियत |
|---|---|---|---|
| **घर जग्गा कर** | | | |
| १ | पहिलो रु. ३० लाखसम्ममा | रु ५००।- | |
| २ | त्यसपछि थप रु. २० लाखसम्म | ०.०८ प्रतिशत | |
| ३ | त्यसपछिको थप रु.५० लाखसम्म | ०.१५ प्रतिशत । | |
| ४ | त्यसपछिको थप रु.१ करोडसम्म | ०.२० प्रतिशत । | |
| ५ | त्यसपछिको जतिसुकै रुपैया थप भए पनि | ०.३० प्रतिशत । | |
| ६ | भित्र काँचो बाहिर पाको इटामा माटोका जोडाई भएको वा काठै काठबाट बनेको र जस्ता, झिंगटी, टायल, एसवेस्टसको छाना भएको घर । | रु ४५० प्रतिवर्ग फिटका दरले वार्षिक ३ प्रतिशत टुटफुट ह्रासकट्टि (२५ वर्षसम्म) | |
| ७ | भित्र बाहिर पाको ईटा वा ढुङ्गामा माटोको जोडाई भई भित्र बाहिर सिमेन्ट प्लाष्टर गरी छाना ढलान (आर.सि.सि वा आर.वि.सि) गरिएको वा जस्ता, टायल, झिंगटी, एसवेस्टसको छाना भएको घर । | रु ५२५ प्रतिवर्ग फिटका दरले वार्षिक २ प्रतिशत टुटफुट ह्रासकट्टि (३० वर्षसम्म) | |
| ८ | भित्र बाहिर पाको ईटा वा ढुङ्गामा सिमेन्ट जोडाईमा प्लाष्टर गरी छाना ढलान ( आर.सि.सि. वा आर.वि.सि. गरिएको घर | रु ८०० प्रतिवर्ग फिटका दरले वार्षिक १ प्रतिशत टुटफुट ह्रासकट्टि(७० वर्षसम्म) | |
| ९ | आर सि.सि फ्रेम स्ट्रक्चरमा बनेको घर । | रु १०१५ प्रतिवर्ग फिटका दरले वार्षिक ०.७५ प्रतिशत टुटफुट ह्रासकट्टि | |
| १० | आर.सि.सि फ्रेम स्ट्रक्चरमा लिफ्ट एस्कलेटर जडान भएको घर । | रु १८०० प्रतिवर्ग फिटका दरले वार्षिक ०.७५ प्रतिशत टुटफुट ह्रासकट्टि | |
| ११ | स्टील फ्रेम स्ट्रक्चर, फ्रविडट्रस, फाइवर वा यस्तै संरचना । | रु १५०० प्रतिवर्ग फिटका दरले वार्षिक ०.७५ प्रतिशत टुटफुट ह्रासकट्टि | |

**द्रष्टव्य :** टुटफुट कट्टीको हिसाव गर्दा घट्दो मूल्यको आधारमा गरिनेछ ।
क) काँचो ईटा वा माटोको गारो वा बाँस वा काठको टाटी भै फुस, छवाली, खर, पराल र जस्ता वा टीनको छाना भएको तथा अस्थायी प्रकृतिको घरको मूल्याङ्कन गरिने छैन ।
ख) घर जग्गा कर लाग्ने क्षेत्रहरुको जग्गाको मूल्याङ्कन गर्दा रजिष्ट्रेशन प्रयोजनका लागि मालपोत कार्यालयले तोकेको दर बमोजिम यस नगर नगर क्षेत्र भित्र ०-८-०-० (आठ आना) सम्म क्षेत्रफल भएको जग्गा भित्र बनेको घरका हकमा माथी उल्लेख भएकै विधि अनुसार घर जग्गा मूल्याङ्कन गरीने र सो भन्दा बढी क्षेत्रफल भएको जग्गाको हकमा ०-८-०-० (आठ आना) वा घरले चर्चेको खुद् क्षेत्रफलमा जुन बढी हुन्छ सो लगाई घरको मूल्याङ्कन गरी बाँकी जग्गाको कर प्रयोजनका लागि ७५% मूल्याङ्कन गर्ने ।

# अनुसूचि - २

(दफा ४ सँग सम्बन्धित)

**यस नगर क्षेत्रका जग्गाहरुको प्रति रोपनी रु.१००।– प्रति वर्षका दरले मालपोत शुल्क लगाउने । साथै सम्पत्ति करका हकमा आ.व. २०७४/०७५ सम्मको बक्यौता असुल गरिने ।**

# अनुसूचि - ३

## (दफा ५ सँग सम्बन्धित)

| सि.न. | राजस्वको क्षेत्रहरु | दर | कैफियत |
|---|---|---|---|
| १ | बहाल कर | बहाल रकमको १० (दश) प्रतिशत | |

# अनुसूचि - ४

## (दफा ६ सँग सम्बन्धित)

| सि.न. | राजस्वको क्षेत्रहरु | दर | कैफियत |
|---|---|---|---|
| **विशेषज्ञ, परामर्श तथा अन्य व्यवसायिक सेवा** | | | |
| १ | चिकित्सक, इन्जिनियर कानून व्यवसायी, लेखा परिक्षक, दन्त चिकित्सक, अनुसन्धानकर्ता, प्रोग्रामर, बीमा एजेन्ट, सर्भेयर, अनुबादक, पशु चिकित्सक, शेयर दलाल, सामान ढुवानीकर्ता तथा कम्पनी समेतलाई वार्षिक एकमुष्ठ । | रु.२,५००।– | |
| २ | ई.बि.पि.एस. दर्ता शुल्क | रु.२,०००।– | |
| ३ | अमिन सेवा शुल्क (प्रतिपटक) | रु.१,०००।– | |
| ४ | कविराज, ओभरसियर, सब ओभरसियर तथा माथि उल्लेख भएदेखि बाहेकका विशेषज्ञ, परामर्श तथा अन्य व्यवसायिक सेवाहरुलाई वार्षिक एकमुष्ठ । | रु.१,५००।– | |
| ५ | नगरपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसायलाई निम्नानुसार वार्षिक एकमुष्ठ : | | |
| | क) "क" वर्गको निर्माण व्यवसायीलाई | रु.१२,०००।– | |
| | ख) "ख" वर्गको निर्माण व्यवसायीलाई | रु.१०,०००।– | |
| | ग) "ग" वर्गको निर्माण व्यवसायीलाई | रु.७,५००।– | |
| | घ) "घ" वर्गको निर्माण व्यवसायीलाई | रु.५,०००।– | |
| | ङ) व्यवसायको नामसारी र ठाउँसारी दस्तुर वार्षिक करको | २५% | |
| | च) व्यवसायको प्रतिलिपीको निबेदन दस्तुर | रु.१०।– | |
| | छ) व्यवसायको प्रमाण प्रत्र प्रतिलिपी | रु.५०।– | |
| ६ | "घ" वर्गको निर्माण ईजाजत पत्र | रु.१०,०००।– | |
| ७ | "घ" वर्गको निर्माण ईजाजत नविकरण वार्षिक | रु.२५००।– | |
| ८ | कोरा माल वा अर्ध प्रशोधित माल वा खेर गैरहेका माल सामानको वा अन्य मालसामान प्रयोग वा प्रशोधन गरी मालसामान उत्पादन गर्ने उद्योग व्यवसायलाई वार्षिक एकमुष्ठ । | रु.५,०००।– | |
| ९ | जलश्रोत, वायु, सौर्यशक्ति, कोइला, प्राकृतिक तेल, ग्याँस, बायोग्यास तथा अन्य श्रोतहरुबाट उर्जा पैदा गर्ने उद्योग व्यवसायलाई वार्षिक एकमुष्ठ । | रु.५,०००।– | |
| १० | मुलतः कृषि वा वन पैदावारमा आधारित उद्योग व्यवसायलाई वार्षिक एकमुष्ठ | रु.५,०००।– | |
| ११ | रेफ्रिजेरेटर,जेनेरेटर,एअरकुलर,कोलरुम,कीचेन इकिप्मेन्ट आदि उत्पादन | रु.४,०००।– | |

| | | | |
|---|---|---|---|
| १२ | खनिज उत्खनन् वा प्रशोधन गर्ने उद्योग व्यवसायलाई वार्षिक एकमुष्ठ (निजी स्तरबाट संचालित खानेपानी व्यवसाय समेत) नयाँ अनुमतिका सम्वन्धमा प्रचलित कानून अनुसार हुने नगरक्षेत्रबाट खनिज पदार्थको रुपमा व्यवसायिक प्रयोजनार्थ खानेपानी विक्री गर्ने व्यवसायीहरुबाट निम्नानुसार खा.पा. सेवा शुल्क लिने :<br>क) २००० लि सम्म प्रति ट्रिप रु. २५।–<br>ख) २००० देखि ६००० लि. सम्म प्रति ट्रिप रु. ५०।–<br>ग) ६००० लि. भन्दा माथी प्रति ट्रिप रु. १००।– | रु.१०,०००।– | |
| १३ | स्थानीय स्तरका होटेल, रेष्टुरा, भोजनालय,मिठाई पसल आदिलाई वार्षिक एकमुष्ठ | रु.१५००।– | |
| १४ | चिया पसल तथा तरकारी एवं फलफूल पसललाई वार्षिक एकमुष्ठ | थोक रु.१५००।–<br>खुद्रा रु.५००।– | |
| १५ | बेकरी व्यवसाय (उत्पादन) | रु.५००।– | |
| १६ | छापाखाना, परामर्श सेवा, जिनिङ्ग तथा बेलिङ्ग व्यवसाय, चलचित्र व्यवसाय, सार्वजनिक परिवहन व्यवसाय फोटोग्राफी, प्रयोगशाला, हवाईसेवा, शीत भण्डार,कागजको कप,प्लेट उत्पादन आदि उद्योग व्यवसायलाई वार्षिक एकमुष्ठ | रु.१०००।– | |
| १७ | सडक, पूल, रोपबे, रेलबे, ट्रलिबस, फ्लाइङ्ग बृज तथा औद्योगिक, व्यापारिक एवं आवास कमप्लेक्स आदि निर्माण गरी संचालन गर्ने उद्योग व्यवसायलाई वार्षिक एकमुष्ठ । | रु.१०,०००।– | |
| १८ | वेल्डीङ्ग व्यवसाय/ग्रील उद्योग एकमुष्ठ | रु.४०००।– | |
| १९ | आल्मुनियम फेब्रीकेशन व्यवसाय | थोक रु.८,०००।–<br>खुद्रा रु.५,०००।– | |
| **संचार सेवा** | | | |
| १ | निजी क्षेत्रको हुलाक सेवा वार्षिक एकमुष्ठ | रु.५००।– | |
| २ | निजी क्षेत्रको टेलिफोन, फ्याक्स सेवा र फोटो कपी वार्षिक एकमुष्ठ | रु.५००।– | |
| ३ | मोवाइल फोन, आइ.एस.डी, इमेल, इन्टरनेट, पेजीङ्ग सेवा, कम्पुटर, विकी तथा मर्मत, एस.टी.डी. आदि वार्षिक एकमुष्ठ | रु.१०००।– | |
| ४ | कुरीयर सेवा वार्षिक एकमुष्ठ | रु.१०००।– | |
| ५ | छपाई तथा प्रकाशन वार्षिक एकमुष्ठ/Online प्रकाशन समेत<br>विभिन्न सामानहरु Online बाट खरिद विकी समेत | रु.१५००।– | |
| ६ | केबुल नेटवर्क सेवा वार्षिक एकमुष्ठ | रु.७०००।– | |
| ७ | संचार टावर | रु.१०,०००।– | |
| **वित्तीय सेवा** | | | |
| १ | नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको बाहेक आर्थिक कारोबार गर्ने वाणिज्य बैंक वार्षिक एक मुष्ठ (विकास बैंक समेत) | रु.१०,०००।– | |

| | | | |
|---|---|---|---|
| २ | आर्थिक कारोबार समेत गर्ने वित्तीय कम्पनीको मुख्य कार्यालय वार्षिक एकमुष्ठ | रु.५,०००।– | |
| ३ | वित्तीय कम्पनी मुख्य कार्यालय वार्षिक एकमुष्ठ | रु.३,०००।– | |
| ४ | वित्तीय कम्पनी शाखा कार्यालय वार्षिक एकमुष्ठ | रु.३,०००।– | |
| ५ | बीमा कम्पनी वार्षिक एकमुष्ठ | रु.५,०००।– | |
| ६ | विदेशी मुद्रा सटही वार्षिक एकमुष्ठ | रु.१,०००।– | |
| ७ | धितोपत्र कारोबार वार्षिक एकमुष्ठ | रु.१,०००।– | |
| ८ | सहकारी संस्था वार्षिक एकमुष्ठ | रु.२,०००।– | |
| ९ | मनि ट्रान्स्फर रेमिटेन्स सेवा वार्षिक एकमुष्ठ | रु.७५०।– | |
| **स्वास्थ्य सेवा :** | | | |
| १ | गैरसरकारी अस्पताल वार्षिक एकमुष्ठ | रु.५,०००।– | |
| २ | नर्सिङ्ग होम/पोलिक्लिनिक वार्षिक एकमुष्ठ | रु.५,०००।– | |
| ३ | क्लिनिक तथा ल्याव वार्षिक एकमुष्ठ ( संयुक्त)/फिजियोथेरापी, वैकल्पिक उपचार समेत | रु.२,०००।– | |
| | क) क्लिनिक सेवा वार्षिक एकमुष्ठ | रु.१,५००।– | |
| | ख) ल्याव सेवा वार्षिक एकमुष्ठ | रु.७५०।– | |
| ४ | औषधी पसल (मेडिकल) /आयुर्वेदिक औषधि पसल वार्षिक एकमुष्ठ | रु.१,५००।– | |
| ५ | भेटनरी सेवा/पशु सम्बन्धी व्यवसाय | रु.१,०००।– | |
| **शिक्षा सेवा :** | | | |
| १ | निजी क्षेत्रका स्कूल, क्याम्पस, विश्व विद्यालयलाई वार्षिक एकमुष्ठ निम्नानुसार हुनेछ : | | |
| | क)पूर्व आधारभूत स्कुल(प्रि स्कुल) धरौटी | रु. २५०००।– | |
| | ख) पूर्व आधारभूत र आधारभूत तहलाई वार्षिक | रु. १०००।– | |
| | क) पूर्व आधारभूत विद्यालय अनुमति दस्तुर अनुमति/सिफारिस दस्तुरको हकमा : | रु.५,०००।- | |
| | ख) आधारभूत विद्यालयसम्म | रु.१,०००।– | |
| | ग) माध्यामिक विद्यालय | रु.२,०००।– | |
| | घ) विश्व विद्यालय (क्याम्पस/कलेज) | रु.५,०००।– | |
| २ | तालिम तथा अनुसन्धान क्षेत्र वार्षिक एकमुष्ठ | रु.१,५००।– | |
| ३ | टाइपिङ्ग, कम्प्यूटर तथा भाषा प्रशिक्षण संस्था वार्षिक एकमुष्ठ | रु.१,२००।– | |
| ४ | अन्तरराष्ट्रिय/राष्ट्रिय गैरसरकारी संस्था वार्षिक एकमुष्ठ | रु.२,०००।– | |
| ५ | पत्रपत्रिका/पुस्तक, मसलन्द(स्टेशनरी) खुद्राविक्रेता वार्षिक एकमुष्ठ | रु.१,०००।– | |
| **मर्मत संभार सेवा :** | | | |
| १ | हेभी इक्वीपमेन्ट, बस, ट्रक, कार मर्मत कारखाना वार्षिक एकमुष्ठ | रु.३,०००।– | |
| २ | टेम्पो, मोटरसाइकल मर्मत कारखाना वार्षिक एकमुष्ठ | रु.१५००।– | |

| | | | |
|---|---|---|---|
| ३ | साइकल, रिक्सा मर्मत तथा कारखाना वार्षिक एकमुष्ठ | रु.७५०।– | |
| ४ | रेडियो, टि.भि. घडी प्रेशर कुकर, हिटर टेलिफोन सेट कम्प्युटर,वाटर,पंखा आदि मर्मत केन्द्र वार्षिक एकमुष्ठ | रु.७५०।– | |
| ५ | रेफ्रिजेरेटर, जेनेरेटर, एअर कुलर, मोटर रिवाइण्डिङ्ग आदि मर्मत केन्द्र वार्षिक एकमुष्ठ | रु.१,०००।– | |
| **अन्य सेवा :** | | | |
| १ | विज्ञापन सेवा वार्षिक एकमुष्ठ | रु.७५०।– | |
| २ | बैदेशिक रोजगार सेवा वार्षिक एकमुष्ठ | रु.३,०००।– | |
| ३ | स्वदेशी रोजगार सेवा वार्षिक एकमुष्ठ | रु.७५०।– | |
| ४ | सेक्रेटरियल सेवा वार्षिक एकमुष्ठ | रु.१,५००।– | |
| ५ | क) हाउजिङ्ग कम्पनी वार्षिक एकमुष्ठ | रु.५,०००।– | |
| | ख) घरजग्गा खरिद बिक्री (रियलस्टेट) वार्षिक एकमुष्ठ | रु.३,०००।– | |
| ६ | व्यूटिपार्लर, केश श्रृंगार, ड्राई क्लिनर्स, फोटो स्टुडियो, सिलाई पसल,टाटु स्टुडियो,ट्रेनिग सेन्टर/तालिम आदि वार्षिक एकमुष्ट | थोक रु.२०००।–<br>खुद्रा रु.७५०।– | |
| ७ | साइनबोर्ड बनाउने तथा पेन्टीङ्ग सेवा वार्षिक एकमुष्ट | रु.७५०।– | |
| ८ | पशु बधशाला वार्षिक एकमुष्ट | रु.२,०००।– | |
| ९ | मासु बिक्रेता वार्षिक एकमुष्ट | रु.१५००।– | |
| १० | फूल तथा तरकारीका बिउ एवं विरुवा, नर्सरी विक्रेता वार्षिक एकमुष्ट | रु.७५०।– | |
| ११ | पुल हाउस वार्षिक एकमुष्ट | रु.१,५००।– | |
| १२ | शिशा पसल विक्रेता वार्षिक एकमुष्ट | थोक रु.३,०००।– | |
| | | खुद्रा रु.१०००।– | |
| १३ | भाँडाकुँडा ,कीचेन वेयर सामान विक्रेता वार्षिक एकमुष्ट | रु.७५०।– | |
| १४ | स्टील तथा काठको फर्निचर विक्रेता वार्षिक एकमुष्ट | रु.१,०००।– | |
| १५ | खेलौना उपहार सामान विक्रेता वार्षिक एकमुष्ट | रु.७५०।– | |
| १६ | फुट्सल व्यवसाय | रु.५,०००।– | |
| १७ | सिरक, डस्ना मर्मत तथा बनाउने वार्षिक एकमुष्ट | रु.१,०००।– | |

**उद्योग व्यापार तथा व्यवसाय कर :**

| | | | |
|---|---|---|---|
| १ | चुरोट, रक्सी, ज्वेलरी, भिडियो, क्यासेट रिकर्डर तथा प्लेयर आदि (चुरोट रक्सिको हकमा मदिरा नियमन तथा नियन्त्रण निर्देशिका अनुसार हुने) | थोक रु.४,०००।–<br>खुद्रा रु.१,५००।– | |
| २ | निर्माण सामाग्री, कम्प्युटर, विद्युतिय सामान, क्यामरा, टि.भी, रेडियो, कार्पेट, पेट्रोलियम पदार्थ आदि । | थोक रु.४,०००।–<br>खुद्रा रु.१,५००।– | |
| ३ | दैनिक उपभोग्य खाद्य पदार्थ तथा लत्ता कपडा आदि । | थोक रु.१,५००।–/<br>खुद्रा रु.१,०००।– | |
| ४ | मिनीमार्केट/सुपर मार्केट/ डिर्पाटमेण्टल स्टोर | रु.२,२५०।– | |
| ५ | रोडा, ढुङ्गा, बालुवा, इट्टा डण्डी विक्री डिपो | रु.६,०००।– | |
| **अन्य व्यवसाय :** | | | |
| ३ | टुर अपरेटर, टुरिष्ट गाईड आदि वार्षिक एकमुष्ट | रु.२५००।– | |
| ४ | मसाज पार्लर वार्षिक एकमुष्ठ | रु.१,५००।– | |
| ५ | सिमेन्ट रेलिङ्ग, सिमेन्ट ब्लक, हलो ब्रिक, इनारको रिङ्ग | रु.२५००।– | |

| | | | |
|---|---|---|---|
| | आदि उद्योग वार्षिक एकमुष्ट | | |
| ६ | जुत्ता, घडी, चश्मा, फेन्सी सामान रेडिमेड,गीफ्ट सामान (काठबाट बनेका हस्तकला संम्बन्धी सामान) विक्रेता वार्षिक एकमुष्ठ | रु.१०००।– | |
| ७ | रेण्टल सर्भिस तथा क्याटरिङ्ग सेवा वार्षिक एकमुष्ठ | रु.१,५००।– | |
| ८ | पार्टी प्यालेस सेवा वार्षिक एकमुष्ठ | रु.५०००।– | |
| | कृषि/फ्लोरिकल्चर/व्यवसाय वार्षिक एकमुष्ठ | रु.२५००।– | |
| १० | फोहोर मैला व्यवस्थापन/ वातावरण संरक्षण सम्वन्धी संस्था वार्षिक एकमुष्ट | रु.२५००।– | |
| ११ | हस्तकला/हयाण्डी काफ्ट उत्पादक वार्षिक एकमुष्ट | रु.२५००।– | |
| १२ | होजीयरी उत्पादक वार्षिक एकमुष्ट | रु.३०००।– | |
| १३ | नाङ्लो, कुचो, डोको, च्वाफी/खरेटो, थुन्चे आदि खुद्रा विक्रेता वार्षिक एकमुष्ट | रु.५००।– | |
| १४ | पुरानो कवाडीको सामान संकलन तथा विक्री व्यवसाय वार्षिक एकमुष्ट | रु.१०००।– | |
| १५ | पशुपालन व्यवसाय (कुखुरा तथा बंगुर पालन बाहेक) वार्षिक एकमुष्ठ | रु.२५००।– | |
| १६ | छात्राबास संचालन व्यवसाय,साधारण लज/गेष्ट हाउस वार्षिक एकमुष्ठ | रु.५०००।– | |
| १७ | मसला कुटानी पिसानी वार्षिक एकमुष्ठ | रु.७५०।– | |
| १८ | खाद्यान्न कुटानी पिसानी,तेल मिल समेत वार्षिक एकमुष्ठ | रु.१५००।– | |
| **अस्थायी हाट बजार वा घुम्ती पसल :** | | | |
| १ | घुम्ती -मोबाइल) पसल खुन्चा समेतमा दैनिक | रु.२।– | |
| २ | राँगो, भैसी -प्रति गोटा) | रु.२५।– | |
| ३ | खसी, बोका, भेडा, च्याँग्रा आदि -प्रति गोटा) | रु.१०।– | |
| ४ | हाँस, कुखुरा आदि -प्रति गोटा) | रु.४।– | |
| ५ | सागसब्जी, फलफूल पसल -दैनिक रु. २।) | रु.५००।– | |
| ६ | अन्य अस्थायी तथा घुम्ती पसल (दैनिक रु.२।) | रु.५००।– | |
| ७ | औद्योगिक, व्यापारिक/पर्यटकिय मेला दैनिक (मेला सम्पन्न भए पछि आयोजक पक्षले पूर्ववत अद्यावधिक गर्नु पर्नेछ। ) | रु.१,०००।- | |
| ८ | व्यापार प्रवर्द्धनका लागी राख्ने व्यापारीक स्टल दैनिक | रु.५००।– | |

| | | | |
|---|---|---|---|
| ९ | पर्यटन, आवास, मोटेल, होटेल, रेष्टुरा, रिसोर्ट, ट्राभल एजेन्सी, स्कीइङ्ग, ग्लाइडिग, वाटर रय्फ्टिङ्ग, पानी ट्रेकिङ्ग पद यात्रा, हट एअर व्यालुनिङ्ग, प्यारा सेलिङ्ग, गल्फ कोर्स, पोलो, अश्वारोहण, क्रिकेट आदि उद्योग व्यवसायमा ( बाह्य पर्यटक स्तरीय) लाई वार्षिक एकमुष्ठ । | रु.१५,०००।– | |

# अनुसूचि - ५

## (दफा ७ सँग सम्बन्धित)

| सि.न. | राजस्वको क्षेत्रहरु | दर | कैफियत |
|---|---|---|---|
| **सवारी दर्ता वार्षिक सवारी कर :** | | | |
| १ | ठेलागाडा, रिक्सा, अटो रिक्सा तथा ई-रिक्सा आदि | वार्षिक एकमुष्टरु.१००।– | |
| **दर्ता तथा संचालन इजाजत दस्तुर :** | | | |
| १ | ठेलागाडा, रिक्सा, अटो रिक्सा तथा ई-रिक्सा आदि दर्ता शुल्क | रु.३०।– | |
| २ | माथि लेखिएदेखि बाहेकका उद्योग, व्यवसाय, व्यापार पसल आदिमा स्तर हेरी वार्षिक | रु ७५०।– देखि रु.५०००।– सम्म | |

# अनुसूची - ६

## (दफा ८ सँग सम्बन्धित)

| सि.न. | राजस्वको क्षेत्रहरु | दर | कैफियत |
|---|---|---|---|
| १ | व्यवसायको नाम ठेगाना भएको साईन बोर्ड प्रति वर्ग फुट | रु. २०।– (बीस) (जनजातीहरुको मातृभाषामा लेखेकोलाई ५०% छुट) | |
| २ | व्यवसायको नाम ठेगाना भएको विद्युतिय साईन बोर्ड प्रति थान | रु. ५००।– (पाँच सय) | |
| ३ | होर्डिङ्ग बोर्ड (साधारण प्रति वर्ग फूट/प्रति वर्ष) | रु. ६०।– नेपाल सरकार, शिक्षा, स्वस्थ्य, वातावरण संरक्षण र जनचेतनामुलक सन्देशहरु सार्वजनिक आवागमनमा बाधा नपर्ने गरी पूर्व अनुमति लिई मात्रा राख्नु पर्ने छ। | |

# अनुसूचि - ७

## (दफा ९ सँग सम्बन्धित)

| सि.न. | राजस्वको क्षेत्रहरु | दर | कैफियत |
|---|---|---|---|
| १ | सिनेमा हल, भिडियो हल, साँस्कृतिक प्रदर्शन हल, थिएटर संगीत तथा मनोरञ्जन, पिकनिक स्थल, प्रदर्शन स्थल स्वीमिङ्ग पुल, फनपार्क आदिको प्रति व्यक्ति प्रवेश शुल्कमा | ३ % | |
| २ | जादु, सर्कस, चटक आदिमा प्रति दिन | रु.३००।– | |
| ३ | व्यवसायिक भिडियो प्रति भिडियो वर्ष | रु.२००।– | |
| ४ | पार्क, पिकनिक स्थल आदि वार्षिक एकमुष्ट | रु.२,०००।– | |
| ५ | क्यासिनो वार्षिक एकमुष्ठ | रु.५०,०००।– | |

# अनुसूचि - ८

## (दफा १० सँग सम्बन्धित)

| सि.न. | राजस्वको क्षेत्रहरु | दर | कैफियत |
|---|---|---|---|
| १ | बहाल विटौरी शुल्क : | आफ्नो क्षेत्रमा आफूले निर्माण, रेखदेख वा संचालन गरेको हाटबजार र सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउमा अस्थायी पसल थाप्न दिए वापत प्रति वर्गफूट दैनिक बहाल विटौरी रु.०।५० (पचास पैसा मात्र) का दरले लाग्नेछ। | |
| | | व्यवसायिक प्रयोजनका लागि विज्ञापन सहित स्टल राखेमा ६ (छ) वर्ग मि. सम्म प्रति स्टल दैनिक रु. १,०००/- र सो भन्दा माथि प्रति वर्ग मि. थप रु. १००/- | |

# अनुसूचि - ९

## (दफा ११ सँग सम्बन्धित)

| सि.न. | राजस्वको क्षेत्रहरु | दर | कैफियत |
|---|---|---|---|
| १ | नगरपालिकाले आफुले व्यवस्था गरेका सवारी पार्कमा पार्किङ्ग गरिएका वस, मिनिवस, ट्रक, कार जीप, भ्यान, ट्याक्टर आदि पार्किङ्ग गर्दा पार्किङ्ग शुल्क | प्रति घण्टा रु.१०।–<br>दैनिक रु.३०।– | |
| २ | माथि उल्लेख भए बाहेक अन्य सवारी साधनमा पार्किङ्ग शुल्क वापत | प्रति पटकमा रु.१०।– | |

# अनुसूचि - १०

## (दफा १२ सँग सम्बन्धित)

| सि.न. | राजस्वको क्षेत्रहरु | दर | कैफियत |
|---|---|---|---|
| **घरबाटो/चारकिल्ला प्रमाणित (मालपोत कार्यालयले निर्धारण गरेको मूल्यका आधारमा) :** | | | |
| १ | बिक्री हुनेजति क्षेत्रफलको (किटानी सिफारिसका आधारमा) तर न्युनतम दस्तुर रु २००। भन्दा कम हुने छैन । | ०.५% | |
| २ | धितो प्रयोजनका लागि (न्युनतम दस्तुर रु. २००। भन्दा कम हुने छैन) | ०.१% | |
| ३ | अंशवण्डा प्रयोजनका लागि सामान्य निबेदन एवं सिफारिस दस्तुर | रु.११०।– | |
| ४ | चारकिल्लाको हकमा मूल्याङ्कन रकमको | ०.१% | |
| ५ | मोही लगत कट्टा सिफारिसको हकमा एकाघर वा तिनपुस्तेभित्र प्रचलित सामान्य निवेदन एवं सिफारिस दस्तुर | रु.११०।– | |
| ६ | मोही लगत कट्टा सिफारिस (अन्यका हकमा) | रु.५१०।– | |
| **पंन्जिकरण दस्तुर :** | | | |
| १ | जन्म, विबाह, वसाईसराई, सम्वन्ध विच्छेद, मृत्यु आदि | ३५ दिन सम्म निशुल्क सो भन्दा माथि रु.५०।– | |
| **नक्सापास दस्तुर : (२०७२/१/१२ गतेको विनाशकारी भूकम्पका कारण पूर्णक्षति भएका भवनहरु पून : निर्माण गर्न लाग्ने दस्तुरमा ९०% छुट दिइनेछ । )** | | | |
| १ | "ग" वर्गका घरहरु | प्रति व.फि. रु. १०।– | |
| २ | "ख" वर्गका घरहरु | प्रति व.फि. रु. २०।– | |
| ३ | व्यापारिक सहितको आवाशीय घरहरु | प्रति व.फि. रु. २०।– | |
| ४ | संस्थाको हकमा | प्रति व.फि. रु. २०।– | |
| ५ | हाउजिङ्ग, एपार्टमेन्ट, कोलोनीहरुको हकमा | प्रति वर्ग फुटको रु २५।– | |
| ६ | माटो जोडाईको गाह्रो, जस्ता, टायल, पराल, छ्वाली, झिंगटीको छाना भएको | प्रति वर्ग फुटको रु १।– | |
| ७ | कम्पाउण्ड पर्खाल | प्रति वर्ग फुटको रु १।– | |
| ८ | नक्सापास दरखास्त फाराम दस्तुर प्रति थान | रु.१०००।– | |
| ९ | नक्सापास नामसारी गर्दा अंशबण्डा लिखतका आधारमा एकाघर वा तिनपुस्तेभित्र प्रचलित सामान्य निवेदन एवं सिफारिस दस्तुर | रु.११०।– | |
| १० | अन्यका हकमा नक्सापास नामसारी दस्तुर २५% (प्रचलित दस्तुरमा) | | |
| ११ | निर्माण सम्पन्न प्रमाण पत्र | | |
| | क) व्यक्तिगत | रु.१०००।– | |

| | | | |
|---|---|---|---|
| | ख) संस्थागत | रु.२०००।– | |
| **बैदेशिक अध्ययन तथा भ्रमण प्रयोजनार्थ मूल्यांकन दस्तुर :** | | | |
| १ | पहिलो दश लाख सम्म | रु.४००।– | |
| २ | बीस लाख सम्म | रु.१०००।– | |
| ३ | पचास लाख सम्म | रु.३०००।– | |
| ४ | एक करोड सम्म | रु.६०००।– | |
| ५ | त्यस पछिको प्रत्येक दश लाखमा रु.४००। का दरले थप हुँदै जाने । | त्यस पछिको प्रत्येक दश लाखमा रु.४००। का दरले थप हुँदै जाने । | |
| **बैदेशिक अध्ययन तथा भ्रमण प्रयोजनार्थ सिफारिस दस्तुर :** | | | |
| १ | जिवित नाताप्रमाणित (नेपालीमा) | रु.३००।– | |
| २ | जिवित नाताप्रमाणित (अंग्रेजीमा) | रु.६००।– | |
| ३ | अन्य सिफारिस (नेपालीमा) | रु.३००।– | |
| ४ | अन्य सिफारिस (अंग्रेजीमा) | रु.६००।– | |
| **अन्य दस्तुर :** | | | |
| १ | निवेदन दस्तुर | रु १०।– | |
| २ | साधारण सिफारिस दस्तुर | रु १००।– | |
| ३ | संस्था दर्ता/नविकरणका लागि सिफारिस | रु. ५००।- प्रति आर्थिक वर्ष | |
| ४ | नेपाली नागरिकताको सिफारिस प्रति व्यक्ति (टिकट दस्तुर) | रु १०।– | |
| ५ | मुद्दा दर्ता (वादी)<br>मुद्दा दर्ता (प्रतिवादी) | रु २००।–<br>रु ५०।– | |
| ६ | नाता प्रमाणित (नाता प्रमाणित गर्नु पर्ने हकदार प्रति व्यक्ति) | रु २५।– | |
| ७ | सर्जमिन : | | |
| | क) मृतक नाता प्रमाणित सर्जमिन | रु २००।– | |
| | ख) अन्य सर्जमिन | रु ५००।– | |
| | ग) अन्य कार्यालयबाट हुने सर्जमिनमा रोहवर बस्दा | रु २००।– | |
| | घ) स्थलगत निरिक्षण शुल्क (नक्शा बाहेक) | रु ५००।– | |
| ८ | व्यवसाय दर्ता शुल्क | रु. १००।– | |
| ९ | व्यवसायको नामसारी/ठाँउसारी दस्तुर | सम्वन्धित व्यवसाय करको वार्षिक शुल्कको २५% | |
| १० | प्रतिलिपि दस्तुर A4 साईजको प्रतिपृष्ठ | रु. ३/- | |
| ११ | व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि दस्तुर प्रति प्रमाणपत्र | रु. १००/- | |

# अनुसूची - ११

## (दफा १३ सँग सम्बन्धित)

| सि.न. | राजस्वको क्षेत्रहरु | दर | कैफियत |
|---|---|---|---|
| २ | पर्यटन प्रवेश शुल्क (प्रति व्यक्ति)<br>अ) सार्क मूलूकका पर्यटकका लागि (नेपाल बाहेक)<br>आ) अन्य मूलुकका पर्यटकका लागि | रु.१००।–<br><br>रु.३००।– | |

**पुनश्चः-** माथि ११ वटा अनुसूचिहरुमा उल्लेख भएदेखि बाहेकमा व्यापार, व्यवसाय, उद्योग आदिमा व्यवसायको स्तर हेरि रु. ७५०/- देखि रु. १५,०००/- सम्म नगर कार्यपालिकाले निर्णय गरी सेवा शुल्क कर दस्तुर लगाउन सक्नेछ ।

## निर्णय नं. १ को (ख) सँग सम्वन्धित
## आ.व. २०७५/०७६ को लागि राजस्व तथा अनुदान प्राप्तिको अनुमान

रु.हजारमा

| शीर्षक | | आ.व. २०७४/०७५ को संशोधित अनुमान | आ.व. २०७५/०७६ को अनुमान | कैफियत |
|---|---|---|---|---|
| **राजस्वः** | | **१०३२११** | **१६६३९२** | |
| क) | **आन्तरिक राजस्वः** | १००००० | १००००० | |
| १ | सम्पत्ती कर / घरजग्गा कर | ३०००० | ३०००० | |
| २ | घरबहाल कर | २५०० | २५०० | |
| ३ | घरजग्गा रजिष्ट्रेशन शुल्क | ० | ० | |
| ४ | सवारी साधन कर | २०० | २०० | |
| ५ | सेवा शुल्क (स्थानीय पूर्वाधार तथा सेवा उपयोगमा) | १५०० | १५०० | |
| ६ | दस्तुर (स्थानीय तहबाट हुने सिफारिस लगायतमा) | ५५००० | ५५००० | |
| ७ | पर्यटन शुल्क | ५०० | ५०० | |
| ८ | विज्ञापन कर | २०० | २०० | |
| ९ | व्यवसाय कर | २००० | २००० | |
| १० | भूमिकर (मालपोत) | ० | ० | |
| ११ | दण्ड जरिवाना | १००० | १००० | |
| १२ | मनोरञ्जन कर (फन पार्क लगायत अन्य मनोरञ्जन स्थल) | ३००० | ३००० | |
| १३ | मालपोत संकलन | १००० | १००० | |
| १४ | बहाल विटौरी कर | ३०० | ३०० | |
| १५ | मृत वा मारिएका जीव जन्तुको हाड, सिंग, प्वाँख, छालामा कर | ० | ० | |
| १६ | प्राकृतिक स्रोत साधन व्यवसायिक कर | ५०० | ५०० | |
| १७ | शेयर लगानीबाट प्राप्त लाभांश तथा पूँजिगत लाभ आय | ० | ० | |
| १८ | ऋण लगानीबाट प्राप्त व्याज आय (बैक व्याज) | ३०० | ३०० | |
| १९ | अन्य (सापटी फिर्ता १० लाख समेत) | २००० | २००० | |
| ख) | **राजस्व बाँडफाँडः** | ३२११ | ६६३९२ | |
| १ | राजस्व बाँडफाँड प्राप्ति (+) (घरजग्गा रजिस्ट्रेशन ) | ३२११ | ६६३९२ | |
| २ | राजस्व बाँडफाँड हस्तान्तरण (-) | | ० | |
| ग) | **अन्य आयः** | ० | ० | |

| शीर्षक | | आ.व. २०७४/०७५ को संशोधित अनुमान | आ.व. २०७५/०७६ को अनुमान | कैफियत |
|---|---|---|---|---|
| १ | साविक स्थानीय निकायबाट हस्तान्तरण भई प्राप्त रकम | | | |
| २ | बेरुजु असुली | | | |
| ३ | गत वर्षको नगद मौज्दात | | | |
| **अन्तर सरकारी वित्तीयहस्तान्तरणः** | | ४०२४६५ | ८३६३३८ | |
| | **नेपाल सरकारबाटप्राप्त अनुदानः** | ३९९४६५ | ७०२०७५ | |
| १ | वित्तीय समानीकरण अनुदान | १८५३७४ | १८२००० | |
| २ | सशर्त अनुदान (२६२१२) | १३६८१२ | १९४३०० | |
| २.१ | सशर्त अनुदान (सामाजिक सुरक्षा) | ५५००० | ६०००० | |
| २.२ | शसर्त अनुदान (स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रम) | २७८५ | ० | |
| २.३ | शसर्त अनुदान (सडक वोर्ड नेपाल) | ९४९४ | ५७७५ | |
| २.४ | शसर्त अनुदान अन्य | | ३०००० | |
| ३ | समपूरक अनुदान | | १४०००० | |
| ४ | विशेष अनुदान | १०००० | ९०००० | |
| | **प्रदेश सरकारबाटप्राप्त अनुदानः** | | १३४२६३ | |
| १ | वित्तीय समानीकरण अनुदान | | ९०६३ | |
| २ | सशर्त अनुदान | | १५२०० | |
| ३ | समपूरक अनुदान | | ६०००० | |
| ४ | विशेष अनुदान | | ५०००० | |
| | **अन्य स्थानीय तहबाटप्राप्त अनुदानः** | | ० | |
| १ | सशर्त अनुदान (जि.स.स.) | | | |
| २ | सशर्त अनुदान (का.म.न.पा.) | | | |
| ३ | समपूरक अनुदान | | | |
| ४ | विशेष अनुदान | | | |
| **जनसहभागिताः** | | ३००० | ० | |
| | नगद सहभागिता | ३००० | | |
| | श्रम तथा वस्तुगत सहायता | | | |
| कुल अनुमानित आय | | | १००२७३० | |

प्रमाणिकरण मितिः- २०७५/०३/०४

आज्ञाले,
(निरन्जन श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत